LOCAL GOVERNMENT

# दुहवी नगरपालिका

DUHABI MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF MUNICIPAL EXECUTIVE

दुहवी, सुनसरी

प.सं.-२०८२/०८३

कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

दोस्रो पटक सूचना प्रकाशन गरिएको मितिः २०८३/०२/०८

विषयः प्राङ्गारिक मल प्रयोगमा अनुदान कार्यक्रमका लागि सूचीकरण हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा दुहबी नगरपालिका, कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कोशी प्रदेश, उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वित्तीय हस्तान्तरण अन्तर्गत प्राङ्गारिक खेती प्रवर्द्धनका लागि प्राङ्गारिक/जैविक/जीवाणु मल प्रयोगमा अनुदान कार्यक्रम कार्यान्वयन गर्न यो सूचना पुनः प्रकाशन गरिएको छ।

यस कार्यक्रम अन्तर्गत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका प्राङ्गारिक/जैविक/जीवाणु मल उत्पादक कम्पनी वा फर्महरूले कृषकहरूलाई मल बिक्री गर्दा यस कार्यालयले उपलब्ध गराउने प्रति के.जी. रु. १०/- (अक्षरेपी दश रुपैयाँ मात्र) अनुदान/सहुलियत प्रदान गरी बिक्री वितरण गर्न इच्छुक भएमा, यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (मिति २०८३ साल जेठ १४ गते कार्यालय समयभित्र) तपसिल बमोजिमका कागजातहरू सहित यस कार्यालयको कृषि विकास शाखामा सूचीकृत हुनका लागि आवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसील

१. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्र र गत आर्थिक वर्ष (आ.व.) को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
२. उत्पादित प्राङ्गारिक/जैविक/जीवाणु मलको विवरण, सहुलियतमा उपलब्ध गराउन सक्ने परिमाण र उपलब्ध गराउने स्थान।
३. कृषकका लागि प्रति केजी न्यूनतम बिक्री मूल्य (अनुदान बाहेकको उपभोक्ता मूल्य)।
४. सरकारी निकाय वा सरकारी मान्यता प्राप्त प्रयोगशालाबाट प्रमाणित मलको गुणस्तर परीक्षण प्रतिवेदन।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
२०८३/२/८